जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



वर्ष २८ •अंक ६४ • २०८३ साल साउन ७ गते बिहीबार (23 July, Thursday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## 'साउनभित्र सहमति नभए नयाँ कार्यदिशामा जान्छौं'

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टीभित्रको विवाद समाधानका लागि आफूहरू अन्तिमसम्म संवाद र सहमतिका पक्षमा रहेको बताएका छन् । उनले साउन महिनाभित्र सहमति हुन नसके इतर पक्षले नयाँ राजनीतिक कार्यदिशा तय गर्ने चेतावनी दिए।

काठमाण्डुमा बुधबार नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको ४४औं स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका नेता निधिले पार्टीको आधिकारिकता सम्बन्धी विवादमा निर्वाचन आयोग र सर्वोच्च अदालतको भूमिकाप्रति असन्तुष्टि व्यक्त गरे । उनले पार्टीलाई निर्वाचन आयोग र सर्वोच्च अदालतको आदेशका आधारमा विभाजित गरिएको आरोप लगाउँदै आयोगको निर्णय असंवैधानिक रहेको दाबी गरे।

नेता निधिको अनुसार विशेष महाधिवेशनपछि पार्टी विभाजनको अवस्था सिर्जना भएको र त्यसयता इतर पक्षले निरन्तर पार्टी एकताको प्रयास गरिरहेको छ । उनले १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिलाई समायोजन (मर्ज) गर्ने तथा १५औं महाधिवेशन निष्पक्ष र सहमतिका आधारमा सम्पन्न गर्ने प्रस्ताव आफूहरूले अघि सारेको जानकारी दिए।

उनले पार्टीको नेतृत्वप्रति पनि असन्तुष्टि जनाउँदै सभापति गगन थापाले पार्टी एकता कायम राख्ने इच्छाशक्ति नदेखाएको आरोप लगाए। आफूहरूले पार्टीको हितलाई केन्द्रमा राखेर सहमतिको प्रस्ताव राखेको भए पनि त्यसलाई गम्भीर रूपमा नलिइएको उनको भनाइ थियो । साथै, सभापति थापाले पार्टीलाई प्रभावकारी ढंगले नेतृत्व गर्ने क्षमता नभएको आरोप पनि उनले लगाए।

उनले देशको वर्तमान राजनीतिक अवस्था चुनौतीपूर्ण रहेको उल्लेख गर्दै यस्तो अवस्थामा लोकतान्त्रिक शक्तिहरू विभाजित हुनु उचित नहुने बताए। नेता निधिले भने, 'हामीले अघि सारेको धारणा स्वीकार गरिए पार्टी फेरि एक हुन सक्छ। देश संकटमा छ, त्यसैले कांग्रेस एकताबद्ध हुन आवश्यक छ।'

यसैबीच, कांग्रेसको संस्थापन इतर पक्षले साउन २९ गते काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्ने घोषणा गरेको छ । सोही कार्यक्रममा नेता प्रकाशमान सिंहले राष्ट्रिय भेलाको मिति र स्थान सार्वजनिक गरे।

सो कार्यक्रममा नेता पूर्णबहादुर खड्का, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, डा. शेखर कोइरालालगायत नेताहरूले मुलुकको राजनीतिक अवस्था जटिल बन्दै गएको भन्दै पार्टीभित्र मतभेदभन्दा पनि एकता र सहकार्यको आवश्यकता रहेको धारणा राखेका थिए।

### मधेश सम्भावना र चुनौतीको भूमिः संयोजक प्रचण्ड

## नेकपा मधेश प्रदेश समितिका पदाधिकार तथा सदस्यको जम्बो टोलीद्वारा शपथग्रहण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेशलाई चुनौती र सम्भावना दुवैको केन्द्रका रूपमा चित्रण गर्दै राष्ट्रिय स्वाधीनताको रक्षा, कम्युनिष्ट आन्दोलनको सुदृढीकरण तथा मुलुकको राजनीतिक स्थायित्वका लागि मधेशमा पार्टीलाई बलियो बनाउनु अपरिहार्य रहेको बताएका छन् ।

जनकपुरधामस्थित महेन्द्रनारायण निधि प्रतिष्ठानमा बुधबार आयोजित नेकपा मधेश प्रदेशको एकता बैठक तथा प्रशिक्षण कार्यक्रममा नवगठित मधेश प्रदेश समितिका एक हजार ३१ पदाधिकारी तथा सदस्यलाई सामूहिक रूपमा शपथग्रहण गराउँदै संयोजक प्रचण्डले नेपालको राष्ट्रियता, संविधान तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामाथि विभिन्न कोणबाट चुनौती थपिँदै गएको वर्तमान अवस्थामा परिवर्तन पक्षधर राजनीतिक शक्तिबीच सहकार्यको विकल्प नरहेको बताए।



उनले राष्ट्रिय हित, राजनीतिक स्थायित्व तथा लोकतान्त्रिक उपलब्धिको संरक्षणका लागि कम्युनिष्ट शक्तिहरूबीच एकता अझै आवश्यक रहेको उल्लेख गर्दै वामपन्थी शक्तिहरूबीच ध्रुवीकरण र सहकार्यको प्रक्रिया निरन्तर अघि बढिरहेको बताए।

संयोजक प्रचण्डले भने, "कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूबीच सहकार्य, ध्रुवीकरण र एकताको प्रक्रियालाई अगाडि बढाउने संकल्प हामीले गरेका छौं । अहिले देश असाधारण र जटिल राजनीतिक परिस्थितिबाट गुज्रिरहेको छ। राष्ट्रिय स्वाधीनताको प्रश्न अत्यन्त संवेदनशील र चुनौतीपूर्ण बनेको छ । यस्तो अवस्थामा परिवर्तनका पक्षमा उभिएका सबै शक्तिबीच सहकार्य अपरिहार्य छ।"

उनले शान्ति प्रक्रिया, १२ बुँदे समझदारी, संविधानसभा निर्वाचन तथा संविधान निर्माणजस्ता ऐतिहासिक उपलब्धि विभिन्न राजनीतिक दलबीचको सहकार्यबाट सम्भव भएको स्मरण गराउँदै वर्तमान परिस्थितिमा पनि त्यही सहकार्यको भावना आवश्यक रहेको बताए। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत राजनीतिक पहल जारी रहेको जानकारी दिँदै उनले आगामी दिनमा सहकार्यको दायरा अझ विस्तार गरिने बताए।

संयोजक प्रचण्डले मधेश प्रदेशलाई जनसंख्या, भूराजनीतिक अवस्था, आर्थिक सम्भावना तथा राष्ट्रिय एकताको दृष्टिले अत्यन्त महत्वपूर्ण प्रदेशका रूपमा व्याख्या गर्दै पार्टीले यस प्रदेशलाई विशेष प्राथमिकतामा राखेको स्पष्ट पारे।

उनले भने, "मधेश सम्भावना र चुनौती दुवैले भरिएको प्रदेश हो । यहाँ पार्टीलाई मजबुत बनाउन सक्यौं भने समग्र कम्युनिष्ट आन्दोलनले नयाँ गति लिन्छ। यदि त्यसो गर्न सकेनौं भने पार्टी र आन्दोलन दुवै गम्भीर चुनौतीमा पर्न सक्छन्। त्यसैले मधेश हाम्रो विशेष प्राथमिकतामा रहेको प्रदेश हो।"

राष्ट्रिय स्वाधीनता, संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि परिवर्तन पक्षधर सबै राजनीतिक शक्तिबीच साझा समझदारी आवश्यक रहेको उल्लेख गर्दै उनले कम्युनिष्ट शक्तिदेखि नेपाली कांग्रेसलगायत लोकतान्त्रिक शक्तिहरूसँग राष्ट्रिय मुद्दामा सहकार्य हुनुपर्ने धारणा व्यक्त गरे।

उनले वामपन्थी शक्तिहरूबीच एकताको पहल गर्ने जिम्मेवारी आफ्नो पार्टीले लिएको उल्लेख गर्दै नेकपा (एमाले)सँग समेत सहकार्य र एकताको सम्भावनाबारे संवाद जारी रहेको जानकारी दिए।

पार्टी संगठनलाई थप प्रभावकारी र गतिशील बनाउन आगामी मङ्सिरमा हुने महाधिवेशनबाट नेतृत्वमा पुस्तान्तरणलाई प्राथमिकता दिइने जानकारी दिँदै उनले पार्टीका विभिन्न कमिटीमा कम्तीमा ५० प्रतिशत युवालाई नेतृत्वमा समेट्ने योजना रहेको बताए। युवाको सक्रिय सहभागिताबाट पार्टीलाई समयानुकूल, ऊर्जाशील र जनमुखी बनाउने लक्ष्य रहेको उनको भनाइ थियो।

सो कार्यक्रममा नवगठित एक हजार ३१ सदस्यीय मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूले संयोजक प्रचण्डसमक्ष सामूहिक रूपमा शपथग्रहण गरेका थिए। त्यसलगत्तै आयोजित प्रशिक्षण कार्यक्रममा पार्टी संगठन विस्तार, वैचारिक स्पष्टता, वर्तमान राजनीतिक परिस्थिति, जनपरिचालन तथा वाम आन्दोलनको भावी रणनीतिबारे शीर्ष नेताहरूले प्रशिक्षण दिएका थिए।

सो प्रशिक्षण कार्यक्रममा पार्टीका सह-संयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, नेता मातृकाप्रसाद यादव, मधेश प्रदेश इन्चार्ज महेन्द्रराय यादव, रामचन्द्र झा, गिरिराजमणि पोखरेल तथा मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईलगायत नेताहरूको उपस्थिति रहेको थियो।

वामपन्थी शक्तिहरूबीच एकताको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजित कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका नेता तथा कार्यकर्ताको उल्लेखनीय सहभागिता रहेको थियो। नेकपाले प्रदेशस्तरीय संगठन सुदृढीकरण अभियानलाई तीव्र बनाउने रणनीतिअन्तर्गत उक्त कार्यक्रम आयोजना गरेको जनाएको छ।

## संघीयता 'खतम गर्न' लागेको अर्थमन्त्री वाग्लेको आलोचना

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वराष्ट्रपति रामवरण यादवले संघीयताको विपक्षमा लागेको भन्दै अर्थमन्त्री स्वर्णिम वाग्लेको कडा आलोचना गरेका छन्। विद्वान् अर्थमन्त्री भन्ने तर संघीयताजस्तो सबैको मुद्दालाई नबुझ्ने भन्दै पूर्वराष्ट्रपति यादवले कटाक्ष गरे।



बत्तीसपुतलीमा बुधबार कांग्रेसका नेता चक्रप्रसाद बाँस्तोलाबारेको पुस्तक 'बौद्धिकता र विद्रोह'को लोकार्पण समारोहमा बोल्दै यादवले अर्थमन्त्री वाग्लेमाथि कटाक्ष गरे।

पूर्वराष्ट्रपति यादवले भने, 'अर्थमन्त्रीले संघीयता खतम गर भन्छन् । जसले बुझेको छ, यो देश फेरि रडाकोमा गएर बर्बाद हुने कुरा भइरहेको छ । विद्वान हामी पनि भन्छौं। विद्वान् मान्छेले पीएचडीमा काम गरेको छ, देशमा प्याराडाइम सिफ्ट गर्छु, कहाँबाट कहाँ लान्छु भन्छ । तर, त्यस्को हालत त त्यो छ । भन्छ कि संघीयता खतम गर भनेर।'

मन्त्री भएपछि अर्थमन्त्री वाग्लेले संघीयता खतम गर्न सार्वजनिक रूपमा बोलेका छैनन्। तर, मन्त्री बन्नुअघि उनले खर्च धेरै भएको, धेरै नेता पाल्नुपरेको तथा संघीय संरचना बोझ भएको भन्दै नेपालको वर्तमान संघीय संरचनाको विपक्षमा आफ्नो धारणा सार्वजनिक गरेका थिए।

असारमा चितवनमा भएको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को प्रथम महाधिवेशनमा पनि प्रदेशसभा खारेजीको प्रस्ताव उठाइएको थियो । यसले संघीयताका पक्षधरहरू भने रास्वपाप्रति सशंकित छन्।

## साउनदेखि लागू हुने भनिएको भ्याट असारकै बिजुली बिलमा, कानुनी प्रश्न उठ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल विद्युत प्राधिकरणले असार महिनाको विद्युत खपतको बिलमा नै मूल्य अभिवृद्धि कर (भ्याट) समावेश गरेपछि यसको कानुनी वैधतामाथि प्रश्न उठेको छ। आर्थिक ऐन, २०८३ अनुसार विद्युत खपतमा भ्याट साउन १ गतेदेखि लागू हुने व्यवस्था भए पनि प्राधिकरणले साउन ५ गतेदेखि जारी गरिएका बिलमा असारको खपतमा समेत भ्याट जोडेको छ।

प्राधिकरणले भ्याट लागू गर्न बिलिङ प्रणाली अद्यावधिक गर्ने उद्देश्यले साउन १ देखि ४ गतेसम्म सबै बिलिङ काउन्टर बन्द गरेको थियो । प्रणाली परिमार्जनपछि साउन ५ गतेदेखि जारी भएका सबै बिलमा भ्याट समावेश गरिएको छ। यस सम्बन्धमा कार्यकारी निर्देशकले असार ३२ गते नै मातहतका कार्यालयहरूलाई परिपत्र जारी गरेका थिए।

प्राधिकरणका प्रवक्ता तथा वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख राजन ढकालको अनुसार नयाँ आर्थिक वर्षसँगै ५ प्रतिशत भ्याट लागू हुने गरी बिलिङ प्रणाली अद्यावधिक गरिएको छ । उनका अनुसार साउनमा जारी हुने बिल असारको खपतको भए पनि बिल जारी हुने मिति साउनमा पर्ने भएकाले प्रचलित व्यवस्थाअनुसार भ्याट समावेश गरिएको छ।

ढकालले आर्थिक वर्षको अन्त्यमा १२ महिनाको समग्र हिसाब गर्दा यो प्रणालीगत अन्तर स्वतः समायोजन हुने भएकाले ग्राहक वा आन्तरिक राजस्व कार्यालयलाई दीर्घकालीन असर नपर्ने दाबी गरेका छन् । तर कर तथा कानुनका जानकारहरूले भने यो अभ्यास कानुनको भावना विपरीत भएको बताएका छन्। उनीहरूका अनुसार सरकारले साउनदेखि लागू हुने करलाई असारमा उपभोग भइसकेको सेवामा लागू गर्न मिल्दैन।

कर विशेषज्ञ दीर्घराज मैनालीका अनुसार करको भूतप्रभावी (च्भतचयकउभअतष्खभ) प्रयोग गर्न पाइँदैन। उनका अनुसार जुन मितिबाट कर लागू हुन्छ, त्यसअघि उपभोग भइसकेको सेवा वा कारोबारमा नयाँ कर लगाउन कानुनी आधार हुँदैन।

"साउन १ गतेपछि हुने कारोबार र खपतमा मात्रै कर लाग्ने सिद्धान्त हो। असारको विद्युत खपतमा साउनको बिल देखाएर भ्याट जोड्न मिल्दैन। यदि नियमविपरीत कर उठाइएको हो भने त्यो गलत हो," मैनालीले भने।

पूर्वमहालेखापरीक्षक टंकमणि शर्माले पनि साउन महिनाको खपतको बिल भदौमा जारी हुँदा मात्र भ्याट लाग्नुपर्ने धारणा व्यक्त गरेका छन् । उनको अनुसार आर्थिक ऐनले साउनदेखि लागू हुने व्यवस्था गरेको हुँदा त्यसअघि उपभोग भएको विद्युतमा भ्याट लगाउन नमिल्ने छ।


आन्तरिक राजस्व विभागका सूचना अधिकारी केशव रघुवंशीले पनि असारको खपतमा भ्याट नलिनुपर्ने बताए । उनका अनुसार प्राधिकरणले प्रणालीगत कारण देखाएर भ्याट समावेश गरेको हुन सक्छ, तर यस विषयमा उपभोक्ताबाट उजुरी आउन सक्ने सम्भावना छ।

चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सरकारले पहिलो पटक विद्युत महसुलमा भ्याट लागू गरेको छ। नयाँ व्यवस्थाअनुसार घरायसी ग्राहकले मासिक ५० युनिटसम्म विद्युत खपत गरेमा भ्याट छुट हुनेछ। ५० युनिटभन्दा बढी विद्युत प्रयोग गर्ने घरायसी ग्राहकले ५ प्रतिशत तथा औद्योगिक, व्यापारिक र अन्य गैर-गार्हस्थ्य ग्राहकले १३ प्रतिशत भ्याट तिर्नुपर्ने व्यवस्था गरिएको छ।

सरकारले आर्थिक विधेयकमार्फत मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-१ संशोधन गरी विद्युतमा भ्याट छुटको सीमा स्पष्ट पारेको छ। निजी उत्पादकबाट प्राधिकरणलाई हुने विद्युत बिक्रीसमेत छुटको दायरामा राखिएको छ भने अन्य सबै कारोबारमा प्रचलित दरअनुसार भ्याट लाग्नेछ।

प्राधिकरणको वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्षसम्म कुल ग्राहक संख्या ५७ लाख १० हजार पुगेको छ, जसमा करिब ९१ प्रतिशत गार्हस्थ्य उपभोक्ता छन्। औद्योगिक ग्राहक १.२३ प्रतिशत र व्यापारिक तथा अन्य ग्राहक ७.६९ प्रतिशत छन् । सामुदायिक ग्रामीण विद्युतीकरणमार्फत सेवा लिइरहेका करिब ३ लाख ३० हजार उपभोक्ता भने यो तथ्याङ्कमा समावेश छैनन्।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कमिसनका लागि बोरिंग

मधेश प्रदेशलाई नेपालको अन्न भण्डार मानिन्छ । तर अन्नको उत्पादन हरेक वर्ष घट्दो छ । उत्पादन लागत भने बढ्दो छ । किसानहरुले भोग्दै आएको अनेक समस्या मध्ये एउटा प्रमुख समस्या सिँचाईको हो । खेतिहर मजदुर, उपकरण, मलको अभाव पुरानै समस्या निरन्तर छ । किसानलाई राहत दिन तीन तह मध्ये कुनै सरकार सकारात्मक छैन । किसान खेतीबाट क्रमिक रुपमा पलायन हुन थालेका छन् । केही बिघा उब्जनीयोग्य खेत छाडेर किसानका सन्तान विदेशमा जोखिमपूर्ण कार्य गर्न बाध्य छन् । खेती गर्ने जनशक्ति विदेशमा पसिना बगाइरहेका छन् । मधेश प्रदेशमा महिला, बालबालिका र बृद्धहरुको संख्या नै अहिले बढी छ । काम गर्न सक्ने अधिकांश युवा महिला, पुरुषहरु विदेशमा छन् । खेती गर्न चाहेर पनि किसानहरु सकिरहेका छैनन् । धान रोपाइँका लागि सबै चाँजोपाँजो मिलाए पनि समयमा वर्षा नहुँदा सबै बेकार हुन्छ । पानी भएको बेला धान रोप्ने मजदुर पाइदैन । खेतमा पानी सुकेपछि धान रोपाईं हुँदैन । अत्यन्त कष्टकर ढंगले धान रोपाइँ गरिहाले पनि समयमा सिँचाइको समस्याले गोडमेल गर्न सकिदैन । कमिसन दिएर मल खरिद गर्नुको विकल्प छैन । किसानले मोटो रकम कमिसन बुझाएर मात्र मल खरिद गर्न पाउँछन् । किसानलाई तीन तहमध्ये कुनै पनि सरकारले प्राथमिकतामा राखेको छैन । प्रशासनीक निकायमा किसानको पहुँच छैन । एक लाखको व्यवसाय गर्ने व्यवसायीको सोझै प्रशासनसम्म पहुँच हुन्छ । उनले आफ्ना समस्या राख्न पाउँछन् । करोडौंको जग्गामा अन्न उब्जाउने अन्नदातालाई कसैले चिन्दैनन् । किसानको पीडालाई बुझ्ने सरकार हाल सम्म देखिएको छैन । किसानको नाममा कमिसन खाने सरकारहरु धेरै आए । पछिल्लो समय मधेश प्रदेशमा प्रदेश सरकारले किसानको नाममा लुट मच्चाएको छ । मधेश प्रदेशमा सरकारले खेतमा सिँचाइका लागि सयौं बोरिंग गरेको छ । तर १० प्रतिशत बोरिंग पनि सञ्चालनमा छैन । आफ्ना नातेदारहरुलाई बोरिंग गाड्ने जिम्मा दिएर कमिसन खाने सरकारको कारण मधेश प्रदेशमा करोडौं रुपैयाँ निरर्थक खर्च गरिएको छ । प्रदेश सरकारले जडान गराएको बोरिंगहरु सञ्चालनमा छैन । बोरिंग गरेर कमिसन सरकारले पाइसकेको छ । तर बोरिंगबाट पानी तान्ने बिजुलीको व्यवस्था गरिएको छैन । बिजुली पुगेको छैन । बोरिंग भइसकेको छ । त्यसमा मोटर पनि जडान भएको छ । घर पनि बनेको छ । तर मोटर चलाउन बिजुली पुगेको छैन । बिजुली सरकारी स्वामित्वको निकाय भएकोले त्यहाँबाट कमिसन आउँदैन । त्यसकारण प्रदेश सरकारले कमिसन आउने जति काम गरेर बोरिंग अलपत्र छाड्ने गरेको छ ।प्रदेश सरकारको बोरिंगबाट धान रोपाईंको बखत पानी आउँदैन । दलहन र गहुँ लगाउने बेला आफै पानी बगेर कयौं बिघा खेतमा बाली लाग्दैन । यस तर्फ सरकारले ध्यान दिन आवश्यक छ ।

# राजनीतिक दलमा संघीयता र लोकतान्त्रिक चरित्रको अभाव



विजय मस्त

कुनै पनि लोकतान्त्रिक देशमा राजनीतिक दल केवल निर्वाचनमा भाग लिने, आन्दोलन गर्ने वा सरकार बनाउने संगठन मात्र होइन। राजनीतिक दल लोकतन्त्रको आधार भूत संस्था हो। जनताको राजनीतिक इच्छा, आकांक्षा र असन्तुष्टिलाई संगठित गर्दै राज्यसत्तासम्म पुर्‍याउने माध्यम पनि राजनीतिक दल नै हो। त्यसैले लोकतन्त्रको गुणस्तर मापन गर्दा संविधान, निर्वाचन र संसद्सँगै राजनीतिक दलको चरित्र र नेतृत्वको भूमिकालाई पनि उत्तिकै महत्वका साथ हेर्नुपर्छ।

विडम्बना के छ भने डिजिटल समाजको तीव्र विकाससँगै सूचना र राजनीतिक बहसको पहुँच व्यापक भए पनि लोकतन्त्रमा राजनीतिक दल कस्तो हुनुपर्छ र राजनीतिक नेतृत्व कस्तो हुनुपर्छ भन्ने विषयमा गम्भीर बहस अपेक्षाकृत कम भएको देखिन्छ। सामाजिक सञ्जालमा राजनीतिक दल र नेताको समर्थन वा विरोध व्यापक रूपमा हुने गरे पनि कुनै दललाई समर्थन गर्नुको आधार के हुनुपर्छ भन्ने विषयमा पर्याप्त सार्वजनिक विमर्श हुन सकेको छैन।

जनताले कुनै दललाई केवल लोकप्रियता, नाराबाजी, सामाजिक सञ्जालको प्रभाव वा तत्कालीन असन्तुष्टिका आधारमा मात्र समर्थन गर्नु हुँदैन। लोकतन्त्रमा राजनीतिक दलको मूल्यांकन उसको विचार, नीति, संगठनात्मक चरित्र, नेतृत्वको व्यवहार, जनताप्रतिको उत्तरदायित्व र लोकतान्त्रिक संस्थाप्रतिको प्रतिबद्धताका आधारमा हुनुपर्छ।

लोकतन्त्रमा एउटा राजनीतिक दल लोकतान्त्रिक, समावेशी, उत्तरदायी, पारदर्शी र जनमुखी हुनुपर्छ। आन्दोलन र निर्वाचन लोकतान्त्रिक राजनीतिको महत्वपूर्ण माध्यम हुन्, तर ती आफैंमा राजनीतिक दलको अन्तिम उद्देश्य होइनन्। जनताको अधिकार सुनिश्चित गर्ने, राज्यसत्तालाई उत्तरदायी बनाउने र नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने क्षमता नै राजनीतिक दलको वास्तविक परीक्षा हो।

लोकतान्त्रिक राजनीतिक दलको पहिलो पहिचान उसको आन्तरिक लोकतन्त्र हो। जुन दलले देशमा लोकतन्त्रको वकालत गर्छ, उसले आफ्नै संगठनभित्र लोकतान्त्रिक अभ्यास गर्न सक्नुपर्छ। पार्टीभित्र नेतृत्व चयन, नीति निर्माण, उम्मेदवार छनोट र महत्वपूर्ण निर्णय प्रक्रियामा सदस्यहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुपर्छ। नेतृत्व परिवर्तन लोकतान्त्रिक विधिबाट हुनुपर्छ। पार्टीका सदस्यले नेतृत्वसँग प्रश्न गर्न, असहमति राख्न र आलोचना गर्न पाउनुपर्छ।

एउटै व्यक्ति वा परिवारको लामो समयसम्मको हालिमुहाली, गुटगत नियन्त्रण र निर्णय प्रक्रियामा सीमित व्यक्तिको वर्चस्वले राजनीतिक दललाई लोकतान्त्रिक संस्थाभन्दा व्यक्तिकेन्द्रित संगठनमा परिणत गर्छ। यस्तो प्रवृत्तिले अन्ततः लोकतन्त्रलाई नै कमजोर बनाउँछ। लोकतान्त्रिक दलमा सबै सदस्यका लागि समान अवसर हुनुपर्छ। नेतृत्वमा पुग्ने बाटो योग्यता, क्षमता, योगदान र जनविश्वासका आधारमा खुला हुनुपर्छ। पार्टीभित्र फरक विचार राख्ने व्यक्तिलाई शत्रु ठान्ने संस्कार लोकतान्त्रिक हुन सक्दैन।

राजनीतिक दलको अर्को महत्वपूर्ण विशेषता उसको विचार र नीति हो। देशको आर्थिक, सामाजिक, राजनीतिक र परराष्ट्र नीतिबारे राजनीतिक दलसँग स्पष्ट दृष्टिकोण र दीर्घकालीन योजना हुनुपर्छ।लोकप्रिय नारा र आकर्षक भाषणले मात्र देश चल्दैन। बेरोजगारी कसरी घटाउने? उत्पादन कसरी बढाउने? शिक्षा र स्वास्थ्यलाई कसरी गुणस्तरीय बनाउने? भ्रष्टाचार कसरी नियन्त्रण गर्ने? सामाजिक न्याय कसरी सुनिश्चित गर्ने? संघीयतालाई कसरी प्रभावकारी बनाउने? यी प्रश्नको व्यावहारिक उत्तर राजनीतिक दलसँग हुनुपर्छ।

निर्वाचनका बेला घोषणापत्र सार्वजनिक गर्ने तर सत्तामा पुगेपछि त्यसलाई बिर्सने प्रवृत्ति लोकतन्त्रप्रति जनताको विश्वास कमजोर बनाउने प्रमुख कारण हो। त्यसैले राजनीतिक दलका घोषणापत्र केवल चुनावी प्रचार सामग्री नभई सरकार सञ्चालनको स्पष्ट मार्गचित्र बन्नुपर्छ।लोकप्रिय नाराभन्दा नीति र कार्यक्रम यथार्थपरक, कार्यान्वयनयोग्य र परिणाममुखी हुनुपर्छ।

राजनीतिक दलको जनतासँगको सम्बन्ध निर्वाचनको समयमा मात्र कायम हुनु हुँदैन। चुनाव जितेपछि पनि जनताको घरदैलोमा पुग्ने, उनीहरूका समस्या सुन्ने र आफ्ना कामको जवाफ दिने संस्कार राजनीतिक दलमा हुनुपर्छ। जनताले मतदान गरेर आफ्नो अधिकार पाँच वर्षका लागि नेताको हातमा सुम्पेका होइनन्। लोकतन्त्रमा जनताले आफ्ना प्रतिनिधिसँग निरन्तर प्रश्न गर्न, आलोचना गर्न र जवाफ माग्न पाउँछन्।

त्यसैले राजनीतिक दलले जनतासँग निरन्तर संवादको संस्कृति विकास गर्नुपर्छ। गाउँ, नगर, प्रदेश र केन्द्रसम्म नागरिकसँग जोडिएको संगठनात्मक संरचना हुनुपर्छ। जनताको वास्तविक समस्या बुझेर नीति निर्माण गर्ने क्षमता दलमा हुनुपर्छ।

राजनीतिक दलको आर्थिक पारदर्शिता लोकतन्त्रको अर्को महत्वपूर्ण आधार हो। पार्टीको आर्थिक स्रोत कहाँबाट आउँछ? कसले चन्दा दिन्छ? पार्टीले कति खर्च गर्छ? निर्वाचनमा कति खर्च भयो? यी प्रश्नको जवाफ जनताले पाउनुपर्छ। राजनीति अपारदर्शी आर्थिक स्रोत र स्वार्थको गठजोडमा आधारित भयो भने लोकतन्त्रको संस्थागत विकास हुन सक्दैन। राजनीतिक दलले आफ्नो आय-व्यय पारदर्शी बनाउनुपर्छ। चन्दा र आर्थिक सहयोगको स्रोत सार्वजनिक गर्नुपर्छ।

त्यस्तै, राजनीतिक दलका नेता र जनप्रतिनिधिको सार्वजनिक जीवनमा नैतिकता र जवाफदेहिता हुनुपर्छ। पद र शक्तिको प्रयोग व्यक्तिगत लाभ, परिवारवाद वा राजनीतिक संरक्षणका लागि गर्ने प्रवृत्तिले लोकतन्त्रलाई कमजोर बनाउँछ।

नेपाल विविधताले भरिएको देश हो। यहाँको सामाजिक संरचना बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक छ। यस्तो समाजमा राजनीतिक दल पनि समावेशी हुनुपर्छ। महिला, दलित, मधेसी, आदिवासी जनजाति, थारू, मुस्लिम, पिछडिएका समुदाय, युवा तथा अन्य सीमान्तकृत समूहको अर्थपूर्ण राजनीतिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ। समावेशिता केवल निर्वाचनमा उम्मेदवारको संख्या मिलाउने विषय मात्र होइन। पार्टीको नेतृत्व, निर्णय प्रक्रिया र नीति निर्माणको तहमा पनि विविध समुदायको सहभागिता हुनुपर्छ।

विशेषगरी मधेशका लागि समावेशिता केवल राजनीतिक नारा होइन। यो लामो समयदेखि राज्यको मूलधारबाट भएको बहिष्करण र प्रतिनिधित्वको प्रश्नसँग जोडिएको विषय हो। त्यसैले राजनीतिक दलले मधेशको विविधता, आकांक्षा र पहिचानलाई सम्मान गर्दै राष्ट्रिय राजनीतिमा समान र सम्मानजनक सहभागिताको वातावरण निर्माण गर्न सक्नुपर्छ।

लोकतान्त्रिक राजनीतिक दलको अर्को महत्वपूर्ण चरित्र विधिको शासनप्रतिको प्रतिबद्धता हो। आफू सत्तामा हुँदा संविधान, कानुन र लोकतान्त्रिक संस्थाको सम्मान गर्ने तर प्रतिपक्षमा पुगेपछि मात्र लोकतन्त्रको कुरा गर्ने प्रवृत्ति लोकतान्त्रिक चरित्र होइन। राजनीतिक दलले आफू सत्तामा हुँदा पनि संविधान र कानुनको सीमाभित्र रहेर शासन गर्नुपर्छ। न्यायपालिका, निर्वाचन आयोग, सञ्चारमाध्यम, नागरिक समाज र अन्य संवैधानिक तथा लोकतान्त्रिक संस्थाको स्वतन्त्रता र स्वायत्तताको सम्मान गर्नुपर्छ। लोकतान्त्रिक संस्था व्यक्तिभन्दा ठूलो हुन्छ। राजनीतिक दल र नेताले संस्थालाई आफ्नो स्वार्थअनुकूल प्रयोग गर्ने होइन, संस्थालाई बलियो बनाउने भूमिका खेल्नुपर्छ।

लोकतन्त्रमा असहमति स्वाभाविक विषय हो। राम्रो राजनीतिक दलले आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा लिनुपर्छ।आफ्नो पक्षमा बोल्ने सबै सही र आलोचना गर्ने सबै गलत भन्ने मानसिकता लोकतान्त्रिक हुन सक्दैन। राजनीतिक दलले सञ्चारमाध्यम, नागरिक समाज, बुद्धिजीवी, युवा र विपक्षी दलबाट आउने आलोचनालाई सुन्ने र त्यसबाट सिक्ने संस्कार विकास गर्नुपर्छ।

लोकतन्त्रमा बहुमतको शासन हुन्छ, तर बहुमतको शासन निरंकुश शासन होइन। बहुमतले सरकार बनाउन सक्छ, तर उसले अल्पमतको अधिकार समाप्त गर्न सक्दैन।कुनै देशमा लोकतन्त्र कति बलियो छ भन्ने कुरा केवल बहुमतले सरकार गठन गर्न सक्यो कि सकेन भन्ने आधारमा मापन हुँदैन। सरकारले अल्पमत, प्रतिपक्ष, नागरिक अधिकार र असहमत आवाजलाई कति सम्मान गर्‍यो भन्ने कुराले पनि लोकतन्त्रको वास्तविक स्तर निर्धारण गर्छ। लोकतन्त्र भनेको केवल बहुमतको शासन होइन, अल्पमतको अधिकारको संरक्षण पनि हो।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो। त्यसैले नेपालमा लोकतन्त्रसँगै संघीयताको पनि विशेष अर्थ छ। नेपालका राजनीतिक दलको लोकतान्त्रिक चरित्रसँगै उनीहरूले संघीय व्यवस्थालाई कति आत्मसात् गर्न सके भन्ने प्रश्न पनि जनसरोकारसँग प्रत्यक्ष जोडिएको छ।संघीयता केवल प्रदेश सरकार गठन गर्ने व्यवस्था होइन। यो राज्यसत्ताको पुनर्संरचना, अधिकारको बाँडफाँट, स्रोतको न्यायपूर्ण वितरण र नागरिकलाई राज्यको सेवा नजिक पुर्‍याउने प्रणाली हो।

तर नेपालमा संघीयता कार्यान्वयनको प्रश्न अझै पूर्ण रूपमा टुंगिएको छैन। अधिकारको स्पष्ट बाँडफाँट, वित्तीय संघीयता, प्रशासनिक संघीयता र प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता निर्माणमा अझै चुनौती छन्। राजनीतिक दलहरूले संघीयतालाई आफ्नो राजनीतिक स्वार्थअनुसार कहिले समर्थन गर्ने र कहिले कमजोर बनाउने होइन, यसलाई संविधानको मूल भावनाअनुसार संस्थागत गर्नुपर्छ।

विशेषगरी मधेशका लागि संघीयता केवल प्रशासनिक संरचना परिवर्तन होइन। यो राजनीतिक प्रतिनिधित्व, पहिचान, अधिकार र राज्यसत्तामा समान पहुँचको लामो संघर्षसँग जोडिएको विषय हो। त्यसैले मधेशले खोजेको राजनीतिक दलले संघीयताको वास्तविक मर्म बुझ्नुपर्छ र संघीयतालाई प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन इमानदार भूमिका खेल्नुपर्छ।

> नेपालमा अहिले करिब सयवटा राजनीतिक दल अस्तित्वमा छन् । तीमध्ये करिब एक दर्जन दल सक्रिय रूपमा राष्ट्रिय राजनीतिमा आफ्नो भूमिका स्थापित गर्न सफल भएका छन् । पुराना हुन् वा नयाँ, लगभग सबै राजनीतिक दलले संविधानले अंगीकार गरेका लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता जनाउँदै आएका छन् ।तर यहाँ एउटा गम्भीर प्रश्न उठ्छ, लोकतन्त्रप्रति प्रतिबद्धता जनाउने नेपालका राजनीतिक दलहरूको आफ्नै चरित्र कति लोकतान्त्रिक छ?

नेपालमा अहिले करिब सयवटा राजनीतिक दल अस्तित्वमा छन्। तीमध्ये करिब एक दर्जन दल सक्रिय रूपमा राष्ट्रिय राजनीतिमा आफ्नो भूमिका स्थापित गर्न सफल भएका छन्। पुराना हुन् वा नयाँ, लगभग सबै राजनीतिक दलले संविधानले अंगीकार गरेका लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता जनाउँदै आएका छन्।तर यहाँ एउटा गम्भीर प्रश्न उठ्छ, लोकतन्त्रप्रति प्रतिबद्धता जनाउने नेपालका राजनीतिक दलहरूको आफ्नै चरित्र कति लोकतान्त्रिक छ?

माथि चर्चा गरिएका लोकतान्त्रिक दलका आधारभूत मापदण्डमा हेर्दा धेरै राजनीतिक दल कमजोर देखिन्छन्। उनीहरू आन्तरिक रूपमा पर्याप्त लोकतान्त्रिक छैनन्, नीतिगत रूपमा स्पष्टता र निरन्तरता देखिँदैन, संगठनात्मक रूपमा पूर्ण समावेशी बन्न सकेका छैनन्, आर्थिक रूपमा पारदर्शिताको प्रश्न उठिरहेको छ र राजनीतिक रूपमा जनताप्रति पर्याप्त उत्तरदायी हुन सकेका छैनन्।

जुन लोकतन्त्रका लागि राजनीतिक दलहरूले लामो संघर्ष गरे, त्यसलाई आफ्नै संगठन र राजनीतिक व्यवहारमा पूर्ण रूपमा रूपान्तरण गर्न नसक्नु विडम्बनापूर्ण छ। यस सन्दर्भमा नयाँ राजनीतिक दलहरूबाट धेरै अपेक्षा गरिएको थियो। तर पुराना दलभन्दा नयाँ दलहरूले पनि मौलिक रूपमा फरक राजनीतिक संस्कार स्थापित गर्न सकेका छैनन्। व्यक्तिकेन्द्रित नेतृत्व, असमावेशी प्रतिनिधित्व, सीमित समूहमा निर्णय केन्द्रित हुने प्रवृत्ति र अपारदर्शी निर्णय प्रक्रियाले नयाँ दलहरूसँग पनि जनताको दूरी बढाइरहेको देखिन्छ।

बेलाबखत सामाजिक सञ्जालमा नागरिकहरूले लोकतन्त्रको विकल्पका रूपमा तानाशाही वा राजतन्त्रको पक्षमा अभिमत व्यक्त गर्नु सबै राजनीतिक दलका लागि गम्भीर चुनौती र चेतावनीको विषय हुनुपर्छ। लोकतन्त्रको विकल्प खोज्ने मनोविज्ञान बढ्नुको मूल कारण लोकतन्त्र आफैं होइन; लोकतान्त्रिक संस्थाहरू र राजनीतिक दलहरूको कमजोर अभ्यास पनि त्यसको एउटा कारण हुन सक्छ।

त्यसैले राजनीतिक दलहरूले जनताको यस्तो असन्तुष्टिलाई केवल सामाजिक सञ्जालको अस्थायी प्रतिक्रिया भनेर बेवास्ता गर्नु हुँदैन। बरु यसलाई लोकतान्त्रिक प्रणालीप्रतिको जनविश्वास पुनःस्थापित गर्ने अवसरका रूपमा लिनुपर्छ।

राजनीतिक दलहरूले लोकतन्त्रसँगै संघीयताको अभ्यासलाई पनि गम्भीरतापूर्वक लिन सकेका छैनन्। जनतालाई देखाउनका लागि सबैजसो दलमा प्रदेश र स्थानीय तहसम्मका संगठनात्मक संरचना छन्। ती संरचनाका अधिवेशन, निर्वाचन र पदाधिकारी चयन पनि समय-समयमा हुने गरेका छन्। तर व्यवहारमा हेर्दा राजनीतिक दलका प्रदेश र स्थानीय तहका संरचनालाई पर्याप्त राजनीतिक अधिकार र निर्णय क्षमता दिइएको छैन। धेरैजसो अवस्थामा ती संरचना नेता तथा कार्यकर्ता व्यवस्थापनका लागि मात्र प्रयोग भइरहेका छन्।

प्रदेश तहका दलगत संरचनाका नेता वा पदाधिकारीले आफ्नै प्रदेशसँग सम्बन्धित महत्वपूर्ण राजनीतिक तथा नीतिगत निर्णय स्वतन्त्र रूपमा गर्न सक्ने अवस्था अझै बनेको छैन। राजनीतिक दलको वास्तविक शक्ति र निर्णय प्रक्रिया मूलतः केन्द्रीय नेतृत्वमै केन्द्रित छ। अझ विडम्बना के छ भने धेरै राजनीतिक दलले प्रदेश र स्थानीय तहका संगठनात्मक संरचनाभन्दा जिल्ला तहको संरचनालाई बढी महत्व दिने गरेका छन्। यसले नेपालको संवैधानिक संघीय संरचना र राजनीतिक दलको संगठनात्मक संरचनाबीच गम्भीर विरोधाभास देखाउँछ।

यदि राज्य संघीय संरचनामा गएको छ भने राजनीतिक दलको संगठन र निर्णय प्रक्रिया पनि सोहीअनुरूप संघीय हुनुपर्छ। प्रदेश र स्थानीय तहका राजनीतिक संरचनालाई अधिकारविहीन बनाएर संघीयताको वास्तविक अभ्यास हुन सक्दैन।

राजनीतिक दलहरूले जसरी आफ्नो संगठनभित्र लोकतन्त्र र संघीयताको अभ्यास गर्छन्, त्यसको प्रभाव देशको लोकतन्त्र र संघीयताको समग्र अभ्यासमा पनि पर्छ। तर अहिले राजनीतिक दलहरूले लोकतन्त्र र संघीयतालाई व्यवहारमा कमजोर बनाउँदै जाँदा जनमानसमा यी व्यवस्थाप्रति नै शंका र वितृष्णा बढ्ने खतरा देखिएको छ। यसको जिम्मेवारी राजनीतिक दलहरूले लिनुपर्छ।

लोकतन्त्र कमजोर हुनुको अर्थ लोकतन्त्र असफल हुनु होइन। संघीयता कार्यान्वयनमा समस्या हुनुको अर्थ संघीयता नै गलत हुनु होइन। समस्या व्यवस्थामा भन्दा पनि त्यसको अभ्यास गर्ने राजनीतिक संस्कारमा हुन सक्छ। त्यसैले आजको आवश्यकता लोकतन्त्रको विकल्प खोज्नु होइन, लोकतन्त्रलाई अझ बलियो, उत्तरदायी र जनमुखी बनाउनु हो। संघीयताको विकल्प खोज्नु होइन, संघीयतालाई वास्तविक अधिकार, स्रोत र निर्णय क्षमतासहित संस्थागत गर्नु हो।

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलको विकल्प हुन सक्दैन। तर राजनीतिक दलहरू आफूलाई लोकतन्त्रभन्दा माथि राख्न पनि सक्दैनन्। अन्ततः लोकतन्त्रको विकल्प बलियो लोकतन्त्र नै हो। र त्यसका लागि राजनीतिक दलहरू आफैंभित्र लोकतान्त्रिक बन्नुपर्छ। उनीहरूको नेतृत्व उत्तरदायी हुनुपर्छ। संगठन समावेशी हुनुपर्छ। निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ। प्रदेश र स्थानीय तहलाई वास्तविक अधिकार दिनुपर्छ। जनताको मतलाई केवल सत्ता प्राप्तिको साधन होइन, जनताको विश्वासका रूपमा लिनुपर्छ।

मधेशसहित नेपालको लोकतन्त्रले अब त्यस्तो राजनीतिक दल र नेतृत्व खोजिरहेको छ, जसले लोकतन्त्रको नाम मात्र नलिई लोकतान्त्रिक संस्कार व्यवहारमै देखाओस्, संघीयताको नारा मात्र नदिई त्यसको अभ्यास आफ्नै संगठनबाट सुरु गरोस् र जनताको मतबाट शक्ति प्राप्त गरेपछि जनताभन्दा माथि होइन, जनताप्रति अझ बढी उत्तरदायी बनोस्।त्यही नै लोकतन्त्रको वास्तविक शक्ति हो। त्यही नै संघीयताको सार हो। र त्यही नै जनताको विश्वास पुनः जित्ने राजनीतिको बाटो पनि हो।

# सुशासन, असल शासनको अभ्यास



उद्धव सिलवाल

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरेको छ ।

यसमा सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने उल्लेख छ ।

जनताद्वारा गरिने शासनलाई लोकतान्त्रिक शासन भनिन्छ । विश्व बैंकले सुशासनका विशेषताको आयाममा सहभागिता, पादर्शीता, जवाफदेहिता, प्रभावकारिता, कानुनी शासन, भ्रष्टाचाररहितता, समावेशीकरण, प्रभावकारिता, दक्षता र संवेदनशीलतालाई लिने गर्दछ । बैंकका अनुसार सुशासन भनेको कुनै पनि देशमा अधिकार प्राप्त निकायलाई शासन सञ्चालन गर्ने अधिकार दिइएको हुन्छ । यसमा सरकारहरूले नीतिहरू प्रभावकारी रूपमा तर्जुमा र कार्यान्वयन गर्ने, सरकारको क्षमतालाई छान्ने, अनुगमन गर्ने, प्रतिस्थापना गर्ने प्रक्रिया र उनीहरूबीच आर्थिक एवं सामाजिक अन्तरक्रिया गर्ने, संस्थाका लागि नागरिक तथा राज्यको सम्मान समावेश गरिएको हुन्छ ।

वर्तमान विश्वमा सूचना प्रविधिको विकाससँगै डिजिटल गभर्नेन्स वा इ-गभर्नेन्स सुशासनको सबैभन्दा प्रभावकारी अस्त्रका रूपमा रहेको छ । वर्तमान सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा इ-गेटदेखि इ-पासपोर्टसम्मको कुरालाई प्राथमिकता दिएको छ । बजेटमा पनि सुशासनलाई महत्व दिइएको छ । यसका लागि सरकारसँगै कर्मचारी संयन्त्रको ठूलो भूमिका हुन्छ ।

सुशासन यस्तो आधारशीला हो, जसलाई टेकेर समृद्धि र जनताको अपेक्षा पूरा गर्न सकिन्छ । प्रजातन्त्रमा जनताको स्वर नीति निर्माण तहमा पुग्नुपर्छ । अनि मात्रै कानुनी राज्यको प्रत्याभूति लागू हुन्छ । भोट राजनीति हाबी भएका कारण चुनावका बेला मात्रै जनतालाई सम्झने परिपाटीले सुशासनको धरातल कमजोर बनेको थियो । लामो समय देश राजनीतिक अस्थिरता, अनिश्चितता, भ्रष्टाचार, कुशासन, हिंसात्मक द्वन्द्वबाट पार हुँदै आजको ठाउँमा आइपुगेको हो । सोही कारण आमनागरिकको खुसीको स्तर अझसम्म पनि बढ्न सकेको देखिँदैन ।

त्यसैले वर्तमान सरकराले आफ्नो चुनावी वाचापत्र, सरकार गठनपछिको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची, नीति तथा कार्यक्रम र बजेटमा पनि सुशासनलाई उच्च प्राथमिकता दिएको छ । शासकीय सुधारसम्बन्धी कार्यसूचीमा राजनीतिक हस्तक्षेपमुक्त सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष र नागरिकप्रति उत्तरदायी बनाउने उल्लेख छ । बजेटमा पनि सार्वजनिक सेवा प्रवाह आधारभूत रूपमा प्रयोग गर्दै मालपोत, यातायात, राहदानी, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनजस्ता नागरिक सेवासँग जोडिएको प्रणालीको सुदृढीकरण गर्ने उल्लेख छ । त्यसैले अहिले आम जनताको खोजी भनेकै सुशासन रहेको हो ।

सरकारले सय दिनमा सुधारका धेरै कार्य गरिसकेको छ । लाइसेन्स छपाई, राहदानी वितरण, यातायात तथा मालपोतमा हुने सेवा प्रवाहलाई चुस्त बनाएको छ । विद्युतीय कारोबारलाई सबै सरकारी सेवामा लागू गरिसकिएको छ । सरकारबाट भएका कार्यले केही न केही रूपमा आम नागरिकले राहत महसुस गर्न थालिसकेका छन् तर यी सबै कुराबाट अहिले नै शासन सञ्चालनको शैली कस्तो छ र सुधारप्रतिको राजनीतिक इच्छाशक्तिको मूल्याङ्कन गर्न सकिँदैन । लामो समयदेखि थाती रहेको आर्थिक, प्रशासनिक र राजनीतिक समस्याको समाधान सय दिनमै पूर्ण रूपमा लागू नहुने हुँदा यसमा अझै पनि धैर्यताको खाँचो छ ।

सरकारको पहिलो सय दिनलाई कार्यसम्पादनको महत्वपूर्ण मापदण्डका रूपमा स्थापित गर्ने श्रेय अमेरिकाको पूर्वराष्ट्रपति फ्रयाङ्क्लिन डी रुजबेल्टलाई दिइने गरिएको छ । सरकारका सय दिन हेर्ने अभ्यास उहाँको पालाबाट सुरु भएको मान्ने गरिएको छ । सन् १९३३ को महामन्दीमा उहाँले पहिलो सय दिनमै तीव्र गतिमा कानुनी र प्रशासनिक सुधार अघि बढाउनुभएको थियो । ती दिनमा उहाँले बैंकिङ प्रणाली सुधार गरे भने बेरोजगारी न्यूनीकरणका कार्यक्रम सुरु गर्नुभएको थियो । योसँगै कृषि र उद्योगलाई राहत दिने कानुन, सार्वजनिक निर्माण र रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याएर आर्थिक दृटिकोणले देशलाई बलियो बनाउन ठूलो भूमिका खेल्नुभएको थियो । यो नै सरकारको पहिलो सय दिनको मापन गर्ने मानकका रूपमा विकास भयो । तर हामीकहाँ अमेरिकामा भएजस्तो व्यापार सुधार नभए पनि अनुभूत गर्ने सुधारका कार्यहरू भने भएका छन् ।

आर्थिक सुशासन पुस्तकका लेखक डा उदय रानामगरले सार्वजनिक सरोकारका विषयहरूमा सरकार वा सरकारी संयन्त्रबाट प्रवाह गरिने सेवा नै सार्वजनिक सेवा भएको उल्लेख गर्नुभएको छ । उहाँले सेवा वितरणमा सार्वजनिक क्षेत्र वा सरकारी निकायको अग्रणी भूमिका रहने, सार्वजनिक सेवाको वितरण प्रभावकारी र जनताको चाहनाअनुसार हुनुपर्ने, कम गुनासो आउने गरी प्रभावकारी रूपमा सेवा प्रवाहको व्यवस्थापन गर्नुपर्ने बताउनुभएको छ । त्यसका लागि सार्वजनिक पदाधिकारीमा ज्ञानको साझेदारी गर्ने संस्कार भएमा मात्रै सेवा प्रवाहमा बढोत्तरी हुन्छ ।

सार्वजनिक सेवा प्रवाह गर्ने काम सरकारको प्रमुख कार्यमा पर्दछ । सार्वजनिक सेवाको अन्तिम लक्ष्य भनेको सेवाग्राहीको आवश्यकताअनुसार गुणस्तरीय ढङ्गले सेवा प्रदान गर्नु हो । सरकारको प्रभावकारिता प्रदान गरिने सेवाको गुणस्तर र सेवाग्राहीको सन्तुष्टिमा भर पर्दछ । सार्वजनिक प्रशासन समग्र राजनीतिक प्रणालीको एक हिस्सा भएको हुँदा यसमा सामाजिक, राजनीतिक, आर्थिक, आन्तरिक, बाह्य सबै सन्दर्भहरूको प्रभाव रहेको छ । सरकारको प्रमुख भूमिका नागरिकहरूको शासन, कानुन र मापदण्ड निर्माण र व्यवस्थापन गर्नु हो । सरकारले गर्ने काममा समाजमा सुरक्षा व्यवस्था, कानुनी तवरले समानता, शिक्षा, स्वास्थ्य सेवा, सामाजिक कल्याण, आर्थिक स्रोतको प्रबन्ध, प्रविधिको विकास, पर्यावरणीय संरक्षणजस्ता कार्यहरू पर्दछ ।

सार्वजनिक प्रशासनले सार्वजनिक स्रोत र सेवाको व्यवस्थापनमार्फत सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयनलाई बुझाउँछ । यसले सार्वजनिक नीतिको कार्यान्वयन गर्दछ । विज्ञहरूले कानुनको विस्तृत र व्यवस्थित कार्यान्वयनलाई सार्वजनिक प्रशासन भन्ने गरेका छन् । सार्वजनिक प्रशासनलाई सार्वजनिक मामिलाको व्यवस्थापन पनि भन्ने गरिन्छ । सार्वजनिक निकायहरूको प्रभावकारी सञ्चालनमा सङ्गठनात्मक संरचना, कार्य र प्रक्रियाको महत्वलाई प्राथमिकता दिइन्छ ।

सरकारी कार्यालयको ढिलासुस्ती, निर्णय प्रक्रियाको जटिलता र अस्पष्टताका कारण सार्वजनिक सेवा प्राप्त गर्न अनावश्यक झन्झट, राजनीतिक हस्तक्षेप तथा कर्मचारी संयन्त्रमा देखिएको जवाफदेहिताको अभावलाई हटाउनसके मात्रै अशल शासनको कल्पना गर्न सकिन्छ । सरकार फेरिए पनि शासन फेरिँदैन भन्ने धारणा समाजमा गहिरो रूपमा स्थापित भएको कारण विगत लामो समयदेखि सरकार परिवर्तन हुँदा पनि नीति, नियम परिवर्तन हुन सकेनन् । सरकार बदलिए पनि सेवा प्रवाहको शैली, प्रशासनिक संस्कार र संस्थागत कार्यसम्पादनमा अपेक्षित परिवर्तन नआउँदा नागरिकमा देखिएको निराशालाई अब सदाको लागि अन्त्य गर्नुपर्ने समय आएको छ ।

सरकार परिवर्तनको अर्थ केबल सत्ताको नेतृत्व लिने अनुहार परिवर्तन हुनुलाई मात्रै बुझाउँदैन । बरु यसले राज्य सञ्चालनको सोच, कार्यशैली र राजनीतिक संस्कारमा आउने परिवर्तनलाई उजागर गर्न सक्नुपर्छ । त्यसैले उत्पादन विस्तार, रोजगारी सिर्जना, निजी तथा सार्वजनिक लगानीको वृद्धि, उद्यमशीलताको प्रवर्द्धन र युवाले देशभित्रै भविष्य देख्ने वातावरण निर्माणजस्ता सूचकमा आम नागरिकले स्पष्ट सुधारको खाका खोजिरहेका छन् । यिनै कारणले सुशासनको बहस प्रशासनिक सुधारमा मात्र सीमित नराखी नागरिकको जीवनस्तर, आर्थिक अवसर र सार्वजनिक सेवाको गुणस्तरमा पनि कार्यान्वयन गर्नुपर्ने देखिएको छ । आमनागरिकले सरकारले दिने सेवा सहज रूपमा प्राप्त गर्न थालेमा, व्यवसाय सञ्चालनमा देखिँदै आएको अवरोध हटेमा, रोजगारीका अवसर बढेमा, आन्तरिक र बाह्य आर्थिक सूचकाङ्कमा सुधार देखेमा मात्रै सुशासन र असल शासनको प्रत्याभूति महसुस गर्न सक्नेछन् ।

# विभिन्न निकायमा अध्यक्ष नियुक्त




**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल सरकारले विशेष अदालत सहित विभिन्न निकायको नयाँ अध्यक्ष नियुक्त गर्न निर्णय गरेको छ।

प्राप्त जानकारी अनुसार विशेष अदालतको अध्यक्ष पदमा उच्च अदालत तुलसीपुरका न्यायाधीश वासुदेव आचार्यलाई तोक्ने निर्णय गरेको छ।

न्याय परिषद्ले असार ३२ गते विशेष अदालतका अध्यक्ष सुर्दशनदेव भट्टलाई सरुवा गर्दै आचार्यको नाममा परामर्श दिएको थियो । न्याय परिषद्को परामर्शमा सरकारले तोक्ने कानुनी व्यवस्थाअनुसार आचार्यलाई विशेषको अध्यक्ष बनाइएको हो।

परिषद्ले उच्च अदालतका ५० र जिल्ला अदालतका १५७ न्यायाधीशको एकै पटक सरुवा गरेको थियो। उक्त सरुवामा विशेष अदालतका अध्यक्ष पनि अटाएका थिए । विशेषमा ६ न्यायाधीशको टिम हुन्छ। दुई वटा इजलास गठन हुने विशेषले सम्पत्ति शुद्धीकरण र भ्रष्टाचारको मुद्दा हेर्न गर्दछ।

यसअघि आचार्य उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा कार्यरत थिए। बुटवलमा हुँदा उनी र अर्का न्यायाधीश तेजनारायण पौडेलको इजलासले २०८२ पुस ३ गते सुनुवाइ गर्दै सुप्रिम सहकारीको रकम अपचलन मुद्दामा धरौटी राखेर छाड्न आदेश दिएको थियो।

इजलासले बैंक ग्यारेन्टी २ करोड ७४ लाख ८४ हजार रूपैयाँ बिगो रकम सुरक्षित गर्ने र बिगोबमोजिमको धरौटी रकम बुझाएर छाड्न आदेश दिएको थियो। उक्त आदेश पछि रवि लामिछाने धरौटीमा रिहा भएका थिए।

सुप्रिम सहकारीमा चार जना व्यक्तिहरूलाई १० करोड १९ लाख ३६ हजार रुपैयाँ सामूहिक बिगो कायम गरिएको थियो । लामिछानेको भागमा २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक ग्यारेन्टी बुझाएका थिए।

न्यायाधीश आचार्य २०८१ भदौमा उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा सरूवा भएका थिए । बुटवल इजलासबाट न्यायाधीश आचार्य गत जेठ ४ गतेदेखि सर्वोच्च अदालतमा काजमा थिए। विशेष अदालतको अध्यक्षबाट सरूवाका लागि न्यायाधीश भट्टले प्रधनन्यायाधीश तथा परिषदका अध्यक्ष मनोजकुमार शर्मासमक्ष निवेदन दिएका थिए।

यसैगरी गुठी संस्थानको प्रशासकमा शैलेन्द्रराज कुँवरलाई सरकारले नियुक्त गरेको छ। यस्तै नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. भीमप्रसाद खतिवडा नियुक्त गरेको छ। प्रधानमन्त्री एवं कुलपति बालेन्द्र शाहले खतिवडालाई उपकुलपतिमा नियुक्त गरेका हुन्।

उपकुलपतिमा नियुक्त भएका खतिवडालाई शिक्षामन्त्री सस्मित पोखरेलले शपथ खुवाएका छन् । अध्यादेशबाट विश्वविद्यालयका उपकुलपति बर्खास्तमा परेपछि संस्कृत विश्वविद्यालयमा नयाँ उपकुलपति नियुक्त गरिएको हो।

# मधेश प्रदेश सरकारद्वारा सिरहा र सप्तरीका एक हजार २०१ परिवारलाई आवास निर्माण

जनकपुरधाम । केही वर्षअघिसम्म वर्षात् लाग्नेबित्तिकै फुसको छानो चुहिने, हुरीबतास चल्दा रातभर निद्रा हराउने र आगलागीको त्रासमा दिन बिताउने सिरहा र सप्तरीका एक हजार २०१ विपन्न परिवारका लागि अहिले जीवन नै फेरिएको छ।



फुसको अस्थायी टहराबाट पक्की घरमा सरेसँगै ती विपन्न परिवारहरूको दैनिक जीवन सुरक्षित, सम्मानित र आशावादी बनेको छ। मधेश प्रदेश सरकारले सञ्चालन गरेको जनता आवास, महेन्द्रनारायण निधि विपन्न आवास र विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमअन्तर्गत सिरहा र सप्तरीका गरी एक हजार २०१ परिवारले पक्की घर प्राप्त गरेका छन् । दलित, विपन्न र सीमान्तकृत समुदायको जीवनस्तर उकास्ने सामाजिक अभियानका रूपमा स्थापित हुँदै गएको छ।

ती जिल्लाका अधिकांश दलित तथा विपन्न परिवार वर्षौंदेखि फुसको छानो भएको झुपडीमा बस्दै आएका थिए। "वर्षा लागेपछि घरभित्रै पानी चुहिन्थ्यो, गर्मीमा अत्यधिक ताप सहनुपर्थ्यो, आगलागीको जोखिम त झन् सधैँको चिन्ता थियो", सिरहाको सिरहा नगरपालिका-९ निवासी रशमादेवी राम भन्नुहुन्छ, "तब पक्की घर पाएपछि अहिले सबै चिन्ताबाट मुक्त भएको अनुभूति भइरहेको छ ।" यो जुनीमा पक्की घरमा सुत्न पाउँछु भन्ने सपना पनि देख्न सकेका थिइनँ, तर पाएकाले असाध्यै खुसी छु, उहाँको भनाइ छ।

सरकारको आवास कार्यक्रमअन्तर्गत पक्की घर पाएपछि लाभग्राही परिवारको जीवनमा उल्लेखनीय परिवर्तन आएको छ । पूर्वाधार विकास कार्यालय सिरहाका सबइन्जिनियर जीवछकुमार यादवका अनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म सिरहामा तीनवटा आवास कार्यक्रममार्फत ६१२ परिवार लाभान्वित भएका छन्।

यसमध्ये जनता आवास कार्यक्रमबाट ५१२, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ६९ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट ३१ परिवारले पक्की घर पाएका छन् । सिरहाको औरही गाउँपालिकामा मात्रै जनता आवास कार्यक्रमअन्तर्गत ४४७ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको छ । यसले औरही क्षेत्रका विपन्न समुदायको आवासीय अवस्थामा ठूलो सुधार ल्याएको स्थानीयको भनाइ छ।

यस्तै सप्तरीमा पनि आवास कार्यक्रम प्रभावकारी रूपमा अघि बढेको छ । पूर्वाधार विकास कार्यालय सप्तरीका सबइन्जिनियर रामाकर झाका अनुसार जनता आवास कार्यक्रमबाट ५१५, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ५६ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट १८ गरी ५८९ परिवारले नयाँ घर पाएका छन्।

नयाँ घर पाएसँगै धेरै परिवारले असुरक्षित झुपडी छाडेर सम्मानजनक जीवन सुरु गरेको झाको भनाइ छ। यद्यपि, कार्यक्रम पूर्ण रूपमा सम्पन्न भने भइसकेको छैन । सिरहामा जनता आवास कार्यक्रमअन्तर्गत करिब ४० र महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत २७ घर निर्माणाधीन छन्।

सप्तरीमा जनता आवास कार्यक्रमअन्तर्गत ७९१ घर निर्माणको सम्झौता भए पनि हालसम्म ५१५ वटामात्रै सम्पन्न भएका छन् । दुई सय ८८ वटा निर्माणाधीन छन् भने ८८ वटा घरको निर्माण अझै सुरु हुन नसकेको प्राविधिक झा बताउनुहुन्छ । उहाँका अनुसार महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत सम्झौता भएका ९२ घरमध्ये ५६ सम्पन्न, ३४ निर्माणाधीन र पाँचवटाको काम सुरु हुन बाँकी छ। आवास केवल एउटा भवन होइन, यो परिवारको सुरक्षा, स्वास्थ्य, शिक्षा र सम्मानसँग जोडिएको आधार भूत आवश्यकता हो।

पूर्वाधार कार्यालय राजविराज सप्तरीका प्रमुख कृष्णदेव झाले सुरक्षित घर भएपछि बालबालिकाको विद्यालय जाने वातावरण सुधारिएको बताउनुहुन्छ। उहाँका अनुसार महिलाहरूले घरभित्र सुरक्षित रूपमा दैनिक काम गर्न पाएका छन भने वृद्धवृद्धा र अशक्त व्यक्तिका लागि पनि पक्की घरले सहज जीवन प्रदान गरेको छ।


आवास कार्यक्रमले गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरण र मानव विकास सूचकाङ्क सुधारमा समेत सकारात्मक प्रभाव पारेको प्रमुख झा बताउनुहुन्छ। प्रमुख झाका अनुसार जग्गा व्यवस्थापनमा कठिनाइ, बजेट अभाव तथा केही प्रशासनिक प्रक्रियाका कारण आवास कार्यक्रम निर्माणकार्य अपेक्षित गतिमा अघि बढ्न सकेको छैन।

वर्षेनि निर्माण सामग्रीहरूको बजारभाउ अत्यधिक बढे पनि आवास कार्यक्रमहरूको बजेट बढ्न नसक्दा कार्यक्रम सञ्चालन गर्न चुनौती भइरहेको उहाँको भनाइ छ । रासस

# माईटीभीलाई गरिएको पत्राचारमा महासंघको ध्यानाकर्षण

**टुडे समाचारदाता**

वीरगञ्ज। नेपाल पत्रकार महासंघ पर्साले वीरगञ्जस्थित एमवाई (माई) टिभी लाई जिल्ला प्रहरी कार्यालय पर्साले पत्र काटेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।




महासंघले सञ्चारमाध्यमसँग सम्बन्धित विवादमा कानुनले तोकेको प्रक्रिया र अधिकारप्राप्त निकायलाई बेवास्ता गर्दै प्रहरीमार्फत गरिएको कारबाही प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भएको ठहर गरेको छ।

महासंघद्वारा जारी प्रेस विज्ञप्ति अनुसार माई टिभीमा प्रसारित वीरगञ्ज महानगरपालिका-३१ मा एक महिलाको नागरिकताबाट पतिको नाम हटाइएको विषयसम्बन्धी समाचारका आधारमा वडा अध्यक्षले जिल्ला प्रशासन कार्यालय पर्सामा दिएको उजुरीलाई आधार बनाएर जिल्ला प्रहरी कार्यालयले टेलिभिजनलाई पत्र काटेको घटनाप्रति महासंघले असन्तुष्टि जनाएको हो।

महासंघले कुनै पनि सञ्चारमाध्यममा प्रकाशित वा प्रसारित सामग्रीप्रति असहमति भएमा सर्वप्रथम सम्बन्धित सञ्चारमाध्यमसँग खण्डन, स्पष्टीकरण वा प्रतिक्रिया माग्ने व्यवस्था रहेको स्मरण गराएको छ। त्यसबाट पनि समस्या समाधान नभए प्रेस काउन्सिल नेपालजस्ता कानुनले तोकेका निकायमार्फत उपचार खोज्नुपर्ने स्पष्ट व्यवस्था रहेको महासंघको भनाइ छ।

विज्ञप्तिमा सञ्चारसम्बन्धी विवादमा स्थापित कानुनी प्रक्रिया अवलम्बन नगरी प्रहरी प्रशासनको माध्यमबाट सञ्चारमाध्यममाथि दबाब सिर्जना गर्नु संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता तथा स्वतन्त्र पत्रकारिताको अभ्यासविपरीत भएको उल्लेख गरिएको छ।

नेपाल पत्रकार महासंघ पर्साले प्रेस स्वतन्त्रताको सम्मान गर्न, सञ्चारमाध्यममाथि अनावश्यक दबाब सिर्जना गर्ने कार्य तत्काल रोक्न तथा संविधान र प्रचलित कानुनअनुसार मात्रै अघि बढ्न सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ।

महासंघले यस्ता गतिविधि दोहोरिएमा स्वतन्त्र प्रेसको रक्षा, पत्रकारको पेशागत अधिकारको संरक्षण तथा संवैधानिक प्रेस स्वतन्त्रताको सुनिश्चितताका लागि आवश्यक संघर्षका कार्यक्रम अघि बढाउन बाध्य हुने चेतावनीसमेत दिएको छ।

# एक वर्ष: १२ हजारभन्दा बढीले पाए नागरिकता

**टुडे समाचारदाता**

रौतहट । आर्थिक वर्ष २०८२/८३ मा नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, शान्ति-सुरक्षा, राजस्व संकलन तथा सेवा प्रवाह सुधारका क्षेत्रमा जिल्ला प्रशासन कार्यालय रौतहट राम्रो प्रगति हासिल गरेको छ।

सिडियो दिनेश सागर भुसालका अनुसार कार्यालयले एक वर्षमा हजारौं सेवाग्राहीलाई प्रत्यक्ष सेवा प्रदान गर्नुका साथै सेवा प्रवाहलाई थप छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउन विभिन्न सुधारात्मक कदमसमेत अघि बढाएको छ।

कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्षभर १२ हजार २७२ जनाले वंशजका आधारमा नागरिकता प्राप्त गरेका छन् भने ११ हजार १०० जनाले नागरिकताको प्रतिलिपि लिएका छन्। यस्तै ६३८ जनाले वैवाहिक अंगीकृत नागरिकता, ८ जनाले गैरआवासीय नेपाली नागरिकता तथा ८ जनाले बाबुको पहिचान नखुलेपछि आमाको नामबाट नागरिकता प्राप्त गरेका छन्।

राहदानी सेवातर्फ ८ हजार ६०७ जनाले राहदानी लिएका छन् भने २३१ जनाले हुलाकमार्फत राहदानी प्राप्त गरेका छन्। कार्यालयले ८ हजार १७९ जनाको राहदानी सिफारिस गरेको छ भने २५ जनालाई द्रुत सेवा उपलब्ध गराइएको छ।

राष्ट्रिय परिचयपत्रतर्फ ३२ हजार ९९० जनाको दर्ता भएको छ भने २ हजार ६२५ जनालाई परिचयपत्र वितरण गरिएको छ। यस अवधिमा ७ हजार ८०९ जनालाई निःशुल्क सिफारिस, ८ हजार १७९ जनाको निःशुल्क राहदानी फाराम भरिएको, १२९ नाबालक परिचयपत्र जारी गरिएको तथा ३ हजार १३२ विभिन्न सिफारिस तथा प्रमाणित सेवा प्रदान गरिएको कार्यालयले जनाएको छ।

प्रशासनले १ हजार २५३ वटा ठाडो उजुरी दर्ता गरी सम्बोधन गरेको छ। यस अवधिमा अभद्र व्यवहारका २४०, जुवा सम्बन्धी २, बीमा तथा क्षतिपूर्ति सम्बन्धी ४१ वटा सेवा प्रवाह भएका छन्। यस्तै २१४ हातहतियार नवीकरण, १ नामसारी, १ लगतकट्टा, २० संस्था दर्ता तथा २७२ संस्था नवीकरण गरिएको छ । राजस्व संकलनतर्फ राहदानी शुल्कबाट मात्रै ५ करोड ८१ लाख ८ हजार रुपैयाँ संकलन भएको छ। हातहतियार इजाजतपत्र दस्तुरबाट ९ लाख २२ हजार २५० रुपैयाँ, न्यायिक दण्ड-जरिवाना तथा जफतबाट ५ लाख ७१ हजार ६ सय रुपैयाँ, कम्पनी दर्ता दस्तुरबाट ३ लाख १७ हजार ३ सय रुपैयाँ, परीक्षा शुल्कबाट १३ हजार ३ सय रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्कबाट २७ हजार रुपैयाँ तथा अन्य राजस्व शीर्षकबाट १२ हजार रुपैयाँ संकलन भएको छ।




कार्यालयको आर्थिक विवरणअनुसार आर्थिक वर्षमा ३ करोड ३५ लाख ५६ हजार २८२ रुपैयाँ आम्दानी भएको छ भने ३ करोड ९ लाख २४ हजार ९३१ रुपैयाँ खर्च भएको छ। बाँकी रकम बैंक मौज्दात रहेको प्रशासनले जनाएको छ।

शान्ति-सुरक्षा व्यवस्थापनअन्तर्गत प्रशासनले ३ पटक अन्तर्राष्ट्रिय सीमा जोडिएको जिल्लाका लागी समकक्षी बैठक, जिल्ला स्थित कार्यकाल प्रमुखहरुको बैठक १२ पटक,३ पटक कारागार निरीक्षण, ६० पटक जिल्ला सुरक्षा समिति बैठक, २४ पटक सुरक्षा निकायको निरीक्षण तथा स्थानीय तहमा शान्ति-सुरक्षा, अपराध नियन्त्रण र सेवा प्रवाहसम्बन्धी ६ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाएको छ।

सरकारी कार्यालय निरीक्षण १३ पटक, अनुगमन २५ पटक, राजमार्ग सडक अवरुद्ध रहित सञ्चालन गर्न कार्ययोजना र रोस्ट निर्माण गरिएको, स्वीकृत भई कार्वान्यनमा रहेको छ। यस अवधिमा प्रशासनले २ थान पेस्तोल, २ थान कटुवा बन्दुक, १ थान १२ बोर दुईनाले बन्दुक र १३ थान गोली नियन्त्रणमा लिएको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कार्यालयले राहदानी र राष्ट्रिय परिचयपत्रका लागि निःशुल्क फाराम भर्ने व्यवस्था, टोकन प्रणालीमार्फत ' फर्स्ट कम, फर्स्ट सर्भिस' सेवा, नागरिक सहायता कक्ष, गुनासो व्यवस्थापन प्रणाली, शुद्ध तथा चिसो खानेपानी, कुलर, पंखा, प्रतीक्षालयमा टेलिभिजन, हुलाक टिकट सेवा, कार्यालय अभिलेखको डिजिटाइजेसन, म्झिक्र व्यवस्थापन सुदृढीकरण, एकद्वार सेवा प्रणाली, माइकिङमार्फत सूचना प्रवाह तथा 'बिचौलिया प्रवेश निषेध' अभियान सञ्चालन गरेको जनाएको छ।

# छ अर्ब छ करोड ७८ लाख राजस्व संकलन

जनकपुरधाम। बजारमा देखिएको आर्थिक तरलताका बाबजुद आन्तरिक राजस्व कार्यालय जनकपुरधाम, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा रु छ अर्ब छ करोड ७८ लाख ८८ हजार राजस्व संकलन गरेको छ।

आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताका अनुसार विभिन्न अभियानमार्फत पुरानो बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएपछि लक्ष्यको ८८ दशमलव ४९ प्रतिशत राजस्व संकलन भएको हो। आव २०८२/८३ मा सो कार्यालयले अन्तशुल्कतर्फ रु दुई अर्ब ५५ कारेड सात लाख ३० हजार, आयकरतर्फ रु दुई अर्ब छ करोड ८२ लाख एक हजार र मूल्यअभिवृद्धि करतर्फ रु एक अर्ब २८ करोड ४० लाख ९९ हजार राजस्व सङ्कलन गरेको छ।रासस

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं.०६ बस्ने फुलदेव चौधरीको नाती, रामनन्दन चौधरीको छोरा वर्ष ५९ को विनोद कुमार चौधरीको मिति २०८२/०६/२५ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४१६७३५ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमाती बेबी चौधरीले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाँने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**नेपाल एसबिआई बैंक लि.**
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
जनकपुर शाखा, जनकपुर- २, धनुषा
फोन ०४१-५९०२६०/५९०२६१

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं.०४ घर भई महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ४ बस्ने श्री भकु महतों हलदर महाराजको नातीनी, श्री राम लखन महाराजको छोरी वर्ष ६८ को सैल कुमार देवी को मिति २०८३/०३/०६ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४३४००४५१ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमान कामेश्वर राय दसौनीले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाँने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**नेपाल एसबिआई बैंक लि.**
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
जनकपुर शाखा, जनकपुर- २, धनुषा
फोन ०४१-५९०२६०/५९०२६१

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय राजबिराज, सप्तरीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०४/०७ गते बिहिबारको जनकपुर टुडे दैनिक पत्रिका)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०५/१८ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६७/०६/१० मा दर्ता नं. ७६४३८/०६७/०६८ भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहानबाट मिति २०६८/०१/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०४८०१०११ को प्रमाणपत्र प्राप्त **खाँन अटोमोवाइल एण्ड इलेक्ट्रोनिक्स सप्तरी प्रा.लि.।** ठेगाना : सप्तरी जिल्ला राजबिराज न.पा. वडा नं. ४।

**संचालक तथा जमानतकर्ता : कली मुज्जमा खाँ** (ना.प्र.नं. ७६०८०१३५९ जारी मिति २०४४/०५/१७, प्रतिलिपि जारी मिति : २०७३/०९/१३, जारी गर्ने कार्यालय : जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ३ (साविक राजविराज न.पा. वडा नं. ४)। बाबु : ओली उज्जमा खाँ। बाजे : अब्दुल रहमान खाँ।

**जमानतकर्ता : जकिया खान** (ना.प्र.नं. १६२०२१, जारी मिति २०५९/१०/०१, जारी गर्ने कार्यालयः जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ३ (साविक राजविराज न.पा. वडा नं. ४)। बाबु : वजि उद्धिन मिया। पति : कली मुज्जमा खाँ। ससुरा : ओली उज्जमा खाँ।

**जमानतकर्ता : अनस खान** (ना.प्र.नं. १६-०१-७०-०१०७१, जारी मिति २०७०/०२/२१, प्रतिलिपि जारी मिति : २०७१/११/१२ जारी गर्ने कार्यालय : जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. २ (साविक राजविराज न.पा. वडा नं. ९)। बाबु : कली मुज्जमा खाँ। बाजे : ओली उज्जमा खाँ।

**जमानतकर्ता : खालिद कलिम खान** (ना.प्र.नं. १६१००१/१२०३, जारी मिति २०७४/०३/१३, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ३। बाबु : कली मुज्जमा खाँ। बाजे : ओली उज्जमा खाँ।

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१ **कली मुज्जमा खाँ**को नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला राजबिराज न.पा. वडा नं. ४, नक्सा सिट नं. ४, स्थित कित्ता नं. क्रमशः ५०९, ६२६, ६२७ र ६२९ क्षेत्रफल क्रमशः ०-०-५, ०-०-१०, ०-०-१० र ०-१-१९ (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................. ....१

२ **कली मुज्जमा खाँ**को नाममा मालपोत कार्यालय राजविराज सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला राजबिराज नगरपालिका बडा नं. ३, स्थित बल्क २५, साविक कित्ता नं. ११४, ११४ क्षेत्रफल ०-०-४ र ०-०-१२.५ (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

३ **जकिया खान**को नाममा मालपोत कार्यालय बिराटनगर, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. ७, नक्सा सिट नं. १७८०७४३०१ स्थित कित्ता नं. २२६ क्षेत्रफल २१२ (वर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...............१

४ ऋणी **खाँन अटोमोवाईल एण्ड ईलेक्ट्रोनिक्स सप्तरी प्रा.लि.को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय राजबिराजबाट** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय राजविराज, सप्तरीमा** सम्पर्क राख्न सकिनेछ।

prabhu bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# बालेन सरकार खेलाँची शैलीमा सञ्चालन




**टुडे समाचारदाता**

जलेश्वर । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह बालेन नेतृत्वको वर्तमान सरकार जनताको अपेक्षाअनुसार काम गर्न नसकेको नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले आरोप लगाएका छन् ।

नेपाल प्रेस युनियन महोत्तरी शाखाले जलेश्वरमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले जनताले दुईतिहाइको जनमत दिए पनि सरकार गम्भीर रूपमा जिम्मेवारी निर्वाह नगरी खेलाँची शैलीमा सञ्चालन गर्दै आएको टिप्पणी गरे ।

महामन्त्री पौडेलले सरकार शासकजस्तो प्रस्तुत भइरहेको आरोप लगाउँदै जनताको पक्षमा आवाज उठाउने सञ्चारमाध्यमको अवाज दबाउने र प्रतिपक्षलाई तर्साउने तथा फसाउने षड्यन्त्र भइरहेको दाबी गरे। सरकारले पूर्वाग्राही ढंगले काम गरिरहेको उनको भनाइ थियो ।

उनले विभिन्न काण्डमा मुछिएका आफ्नै सांसद तथा मन्त्रीमाथि निष्पक्ष छानबिन नगरी सरकारले आफैं छानबिन गरेर 'क्लिन चिट' दिने प्रवृत्ति अपनाएको आरोप लगाए। यस्तो कार्यले सुशासन, विधिको शासन र राज्यका निकायप्रतिको जनविश्वास कमजोर बनाएको उनको भनाइ थियो ।

महामन्त्री पौडेलले अर्थमन्त्रीको हालैको अभिव्यक्तिको पनि आलोचना गरे। जनतालाई ३ हजार ५ सय रुपैयाँ तिरेर लाखौं रुपैयाँ बराबरको सेवा-सुविधा दिन नसकिने भन्ने अर्थमन्त्रीको भनाइप्रति आपत्ति जनाउँदै उनले "के राज्य व्यापारी हो?" भन्दै प्रश्न गरे ।

राज्यको दायित्व नागरिकलाई आवश्यक सेवा र सामाजिक सुरक्षा सुनिश्चित गर्नु भएको उल्लेख गर्दै उनले सरकारले नागरिकप्रति उत्तरदायी भएर काम गर्नुपर्ने बताए । पौडेलले प्रतिशोध र पूर्वाग्रहको राजनीति त्यागेर संविधान, कानुन र लोकतान्त्रिक मूल्य-मान्यताअनुसार सरकार सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन् ।

# मिटरब्याज सम्बन्धी सबै तमसुक अवैध घोषित

**मिटरब्याज नियन्त्रणका लागि गृह मन्त्रालयले तीन महिनाभित्र विशेष कानुनी मस्यौदा तयार गर्ने सहमति भएको छ । प्रस्तावित कानुनमा छुट्टै न्यायिक संयन्त्रको व्यवस्था, पीडितको सम्पत्ति फिर्ता तथा क्षतिपूर्तिको सुनिश्चितता जस्ता विषय समेटिनेछन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज पीडित र सरकारी पक्षबिच भएको सम्झौतालाई नेपाल सरकार मन्त्रिपरिषद् बैठकले अनुमोदन गरेको छ ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकको माग सम्बोधन गर्न गठित समिति र आन्दोलनरत पक्षबिच साउन १ गते भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरेको हो ।

शिक्षामन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले यो निर्णयसँगै मिटरब्याजसँग सम्बन्धित सबै लिखतहरू (तमसुक) आजकै मितिदेखि अवैध भएको बताए । सरकार र मिटरब्याज विरुद्ध आन्दोलनका प्रतिनिधिबिच भएको समझदारीलाई कार्यान्वयन गर्न मन्त्रिपरिषद्ले यस्तो निर्णय लिएको दाबी गरिएको छ।

साउन १ गते मिटरब्याज पिडीत र सरकारबीच भएको सहमतिमा सरकारले मिटरब्याज कारोबारलाई आर्थिक अपराधका रूपमा सम्बोधन गर्दै यसको अन्त्यका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजानेछ । प्रस्ताव कार्यान्वयन भएपछि फर्जी तमसुक, दृष्टिबन्धक, छिनुवा पास तथा दबाबमा गराइएका चेकलगायतका लिखतलाई अमान्य बनाउने व्यवस्था गरिने सहमतिमा उल्लेख छ।

मिटरब्याज नियन्त्रणका लागि गृह मन्त्रालयले तीन महिनाभित्र विशेष कानुनी मस्यौदा तयार गर्ने सहमति भएको छ। प्रस्तावित कानुनमा छुट्टै न्यायिक संयन्त्रको व्यवस्था, पीडितको सम्पत्ति फिर्ता तथा क्षतिपूर्तिको सुनिश्चितता जस्ता विषय समेटिनेछन् । यसका साथै लेनदेन प्रक्रियालाई व्यवस्थित बनाउन वडा कार्यालयबाट गरिने प्रमाणीकरणमा रकमको वैधानिक स्रोत र बैंक कारोबारको प्रमाण आवश्यक बनाउने सहमति भएको छ । आपराधिक गतिविधि वा भ्रष्टाचारबाट प्राप्त रकम मिटरब्याज कारोबारमा प्रयोग गर्ने व्यक्तिमाथि कडा कानुनी कारबाही गरिने व्यवस्था पनि गरिनेछ।



प्रस्तावित कानुनले वास्तविक कारोबारभन्दा बढी रकम उल्लेख गरी कागज बनाउने, ब्याजलाई मूलधनमा जोड्ने, ऋणीलाई भर्पाई नदिने, अनुचित ब्याज असुल्ने, धम्की दिने, शारीरिक तथा मानसिक दबाब सिर्जना गर्ने, खाली चेक वा कागजातमा जबरजस्ती हस्ताक्षर गराउने तथा सम्पत्ति हडप्ने कार्यलाई अपराधको दायरामा ल्याउनेछ।

यस्तै मिटर ब्याजसम्बन्धी उजुरीको अनुसन्धानका क्रममा लिखतको फरेन्सिक परीक्षण, सम्पत्तिको स्रोत पहिचान र सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानसमेत अघि बढाइने सहमतिमा उल्लेख छ । अदालतमा विचाराधीन मुद्दामा पीडितलाई न्याय प्राप्तिमा देखिएका कानुनी अवरोध हटाउने पहल गरिने सहमतिमा भनिएको छ।

पीडितका समस्या समाधानका लागि केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा उच्चस्तरीय समन्वय समिति गठन गर्ने र छुट्टै सहायता डेस्क स्थापना गर्ने सहमति भएको छ । जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा पीडितका तीन प्रतिनिधिसहित सहजीकरण समिति बनाइनेछ। उक्त समितिले छ महिनाभित्र उजुरी टुंग्याउने लक्ष्य राख्नेछ भने यसको अनुगमन प्रमुख जिल्ला अधिकारी नेतृत्वको संयन्त्रले गर्ने समेत सहमति पत्रमा उल्लेख छ।

मिटरब्याजको समस्या दोहोरिन नदिन सरकारले वार्षिक बजेटमार्फत आर्थिक सहयोग तथा राहतसम्बन्धी कार्यक्रम ल्याउने सहमति पनि गरेको छ । सहमतिपछि पीडित पक्षले आन्दोलनका सबै कार्यक्रम रोक्ने निर्णय गरेको थियो।

# अख्तियारमा सबभन्दा बढी उजुरी मधेशविरुद्ध




**टुडे समाचारदाता**

जनकपुरधाम । सबैभन्दा भ्रष्टाचारको उजुरी पर्ने प्रदेशमा मधेश प्रदेश पहिलो स्थानमा देखिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका अनुसार आर्थिक बर्ष २०८२/०८३ सम्ममा ३ हजार ७ सय ३९ वटा उजुरी दर्ता मधेश प्रदेशबाट परेको हो ।

धनुषाको स्थानीयतहको तथ्यांक हेर्दा आर्थिक बर्ष २०८२/०८३ मा सब भन्दा बढि बिदेह नगरपालिकाको १ सय २८ बटा उजुरी दर्ता भएको छ भने दोश्रोमा जनकपुर उप-महानगरपालिकाको १ सय २४ वटा उजुरी दर्ता भएको छ तथ्यांकले देखाएको छ।

नेपालमै सब भन्दा बढि सुशासनको समस्या र भ्रष्टाचारको केन्द्र बिन्दु मधेश प्रदेश नै रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासको तथ्यांकले देखाउंछ । सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार, सार्वजनिक पद र अधिकारको दुरूपयोग तथा सरकारी अनुगमन, कारबाहीमा फितलोपनाका कारण भ्रष्टाचार बढेको आयोगको कार्यालय बर्दिबासका सुचना अधिकारी प्रकाश पोखरेल बताउँछन् ।

आर्थिक बर्ष २०८२/०८३ मा आयोगको कार्यालय बर्दिबासको कार्यक्षेत्र रहेको १० जिल्लामा सबभन्दा बढि धनुषामा १ हजार १ सय ९५, महोत्तरीमा ७ सय ८०, सिरहामा ६ सय ७७ गरी कुल ३ हजार ७ सय ३९ वटा उजुरी दर्ता भएको छ भने सब भन्दा कम उजुरी रौतहटमा जम्मा ८ वटा मात्र दर्ता भएको छ।

सार्वजनिक क्षेत्रको भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा अपेक्षित प्रगति हुन नसकेको, भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सरकारले पनि खासै ध्यान नदिएको तथा न्यालयको निर्णयलाई समेत अवमूल्यन हुदै आएकोले भ्रष्टाचारमा दण्डहीनता बढेको नागरिक समाजका अगुवाहरुको भनाई छ।

# पर्साका १० उद्योगलाई १० लाखका दरले जरिवाना

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य हरि पन्तको पहलामा सिर्सिया नदी प्रदूषण गर्ने उद्योगहरूमाथि कारबाही प्रक्रिया तीव्र बनाएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वातावरणीय मापदण्ड उल्लंघन गरेको पुष्टि भएका १० उद्योगलाई जनही १० लाख रुपैयाँका दरले जरिवाना गर्ने निर्णय गरेको हो । सिर्सिया नदी वर्षौंदेखि औद्योगिक फोहोरका कारण प्रदूषित बन्दै गएको विषयमा सांसद पन्तले प्रतिनिधिसभामा सरकारको ध्यानाकर्षण गराएका थिए।

त्यसलगत्तै गृहमन्त्री सुदन गुरुङले नदी क्षेत्रको स्थलगत अनुगमन गरेका थिए। त्यसपछि मन्त्रालयले प्राविधिक परीक्षण र छानबिनलाई तीव्र बनाउँदै कारबाही प्रक्रिया अघि बढाएको हो । जरिवानामा परेका उद्योगहरूमा जगदम्बा स्टिल, हुलास स्टिल इन्डस्ट्रिज, शिवशक्ति घिउ उद्योग, सुशील वनस्पति प्रालि, अन्नपूर्ण भेजिटेबल प्रोडक्ट्स, अशोक स्टिल इन्डस्ट्रिजलगायत १० उद्योग रहेका छन् ।

प्रयोगशाला परीक्षणबाट ती उद्योगले सरकारले निर्धारण गरेको वातावरणीय मापदण्ड उल्लंघन गर्दै प्रशोधन नगरिएको रसायनयुक्त फोहोर नदीमा मिसाएको पुष्टि भएपछि कारबाही छ । उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेतका अनुसार कारबाहीमा परेका उद्योगमध्ये मधेस प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने ६ उद्योगका विषयमा थप कानुनी कारबाहीका लागि सम्बन्धित निकायलाई पत्राचार गरिएको छ।

साथै सिर्सिया नदी आसपास रहेका अन्य उद्योगहरूको पनि संयुक्त प्राविधिक टोलीमार्फत अनुगमन जारी रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले तोकिएको समयभित्र जरिवाना नतिर्ने उद्योगलाई वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ अनुसार तेब्बर जरिवाना गरिने चेतावनी दिएको छ।



वीरगञ्ज-पथलैयाऔद्योगिक करिडोरका उद्योगबाट वर्षौंदेखि प्रशोधनबिनाकोरसायनयुक्तफोहोर नदीमा मिसिँदा सिर्सिया नदी दुर्गन्धित र अत्यधिक प्रदूषित बनेको छ। यसको प्रत्यक्ष असर स्थानीय बासिन्दाको स्वास्थ्य, कृषि उत्पादन, पशुपालन तथा समग्र वातावरणमा परेको भन्दै स्थानीयवासीले लामो समयदेखि प्रभावकारी नियन्त्रणको माग गर्दै आएका छन् ।

सरकारको पछिल्लो कदमलाई सिर्सिया नदी संरक्षणतर्फको महत्वपूर्ण सुरुआतका रूपमा हेरिएको छ। अब कारबाहीलाई निरन्तरता दिँदै प्रदूषण नियन्त्रणका दीर्घकालीन उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहने सरोकारवालाहरूको भनाइ छ।

# गोठमा महिलाको शव, हत्या गरिएको आरोप

**टुडे समाचारदाता**

वीरगञ्ज । आफ्नै गोठमा पर्साको सखुवाप्रसौनी गाउँपालिका-१ सिद्धपुरमा एक महिला मृत अवस्थामा फेला परेकी छन् । स्थानीय सुधीर सिलवालकी ३७ वर्षीया पत्नी लक्ष्मी सिलवालको शव बुधवार बिहान गोठको माथिल्लो तलामा फेला परेको हो।

दुई सन्तानकी आमा लक्ष्मीको मृत्यु आत्महत्याबाट नभई हत्या भएको माइती पक्षले आरोप लगाएको छ। घटनाको प्रकृति र परिवारका सदस्यहरूको भनाइमा विरोधाभास देखिएको भन्दै उनीहरूले निष्पक्ष अनुसन्धानको माग गरेका छन् ।

मृतककी सासुले गोठको माथिल्लो तलामा डोरीमा झुन्डिएको अवस्थामा शव फेला परेको र आफूहरूले डोरी खोलेर शव तल झारेको बताएकी छन्। तर, मृतकका चार वर्षीय छोराले 'बाबाले ममीलाई लछारपछार गर्दै कुटेको' बताएको माइती पक्षको दाबी छ।

माइती पक्षका अनुसार घटनास्थलमा मृतकले लगाएको चुरा तीन फरक स्थानमा फुटेर भुइँमा छरिएको अवस्थामा भेटिएको थियो। त्यस्तै, झुन्डिएको भनिएको स्थानमा प्रयोग भएको लाइलनको डोरी बाँधिएको काठ कमजोर रहेको र त्यसबाट माथिल्लो तला सजिलै पुग्न सकिने अवस्था रहेको स्थानीयको भनाइ छ । यी कारणले घटना शंकास्पद देखिएको उनीहरूको भनाई छ।

उता, घटनास्थल पुगेका इलाका प्रहरी कार्यालय पर्टेर्वासुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीले मृतकको शरीरमा कुनै चोटपटक वा निलडाम नदेखिएको भन्दै प्रारम्भिक रूपमा घटना शंकास्पद नदेखिएको बताएका छन्। प्रहरीले घटनाबारे आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ।

मृतकका बुबा तथा ठोरी गाउँपालिका-३ निवासी लक्ष्मी सिवाकोटीले घटनास्थलको अवस्था, परिवारका सदस्यहरूको भनाइ र अन्य परिस्थितिको अध्ययन गर्दा आत्महत्या नभई हत्या भएको आफूहरूको निष्कर्ष रहेको बताए ।

# जनकपुर–अयोध्या सम्बन्ध विस्तार : 'सीता करिडोर' निर्माण

**टुडे समाचरादाता**

रौतहट । भारतको बिहार सरकारले माता सीताको जन्मस्थली पुनौरा धामलाई अन्तर्राष्ट्रिय धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गर्ने महत्त्वाकांक्षी योजना अघि बढाएको छ।

यस अन्तर्गत 'सीता करिडोर' निर्माणका लागि मन्दिर न्यास समितिलाई ५०.८९ एकड जग्गा निःशुल्क हस्तान्तरण गर्ने निर्णय गरिएको छ।

सरकारका अनुसार पुनौरा धामलाई भारतको अयोध्या स्थित श्रीराम मन्दिर र काशी विश्वनाथ धामको ढाँचामा विश्वस्तरीय धार्मिक गन्तव्यका रूपमा विकास गरिनेछ। परियोजनाले श्रद्धालु तथा पर्यटकलाई आधुनिक सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ।


प्रस्तावित सीता करिडोर अन्तर्गत मन्दिर परिसरको सौन्दर्यीकरण, फराकिला सडक, पर्याप्त पार्किङ, यात्रु सेवा केन्द्र, धर्मशाला, होटल, हरित क्षेत्र, डिजिटल सूचना प्रणाली तथा अन्य पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ।




यस परियोजनाले रामायण सर्किटलाई थप मजबुत बनाउने विश्वास गरिएको छ। अयोध्या, जनकपुर, पुनौरा धामलगायत रामायणकालीन धार्मिक स्थलहरूको यात्रा देश-विदेशका श्रद्धालुका लागि अझ सहज, व्यवस्थित र आकर्षक बन्ने अपेक्षा गरिएको छ।

पर्यटन क्षेत्रका जानकारहरूका अनुसार सीता करिडोर निर्माणसँगै धार्मिक पर्यटनमा उल्लेखनीय वृद्धि हुनेछ । त्यसबाट होटल, यातायात, हस्तकला, स्थानीय व्यापार तथा पर्यटनमा आधारित रोजगारीका नयाँ अवसर सिर्जना हुनेछन्। यसले सीतामढी जिल्लाको स्थानीय अर्थतन्त्रलाई समेत नयाँ गति दिने अपेक्षा गरिएको छ।

परियोजना अन्तर्गत मन्दिर न्यास समितिलाई ५०.८९ एकड जग्गा निःशुल्क हस्तान्तरण गरिने, पुनौरा धामलाई विश्वस्तरीय धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गरिने तथा रामायण सर्किटलाई अन्तर्राष्ट्रिय स्तरमा थप पहिचान दिलाउने लक्ष्य राखिएको छ । बिहार सरकारको यो पहलले धार्मिक पर्यटन प्रवर्द्धनसँगै सांस्कृतिक सम्पदाको संरक्षण र स्थानीय आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८